# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ७ मितिः २०८१।०६।०६


## भाग - २

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (तेस्रो संसोधन,२०८१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो "**नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (तेस्रो संसोधन,२०८१)**" बनाई लागू गरेको छ।

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (तेस्रो संसोधन,२०८१)

*नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/३०*

शिवराज नगरपालिकाको "**नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०(तेस्रो संसोधन,२०८१)**" लाई संसोधन गर्न बाञ्छनीय भएकोले नगर कार्यपालिकाबाट देहायअनुसार संसोधन गरिएको छ।

| सािवक व्यवस्था | नयाँ कायम व्यवस्था |
|---|---|
| दफा १४(१) नगर प्रहरी सहायक निरीक्षक तथा हवल्दारको खुल्ला रुपमा हुने पदपूर्तिका लागि लिखित परीक्षा, शारीरीक परिक्षण तथा अन्तर्वाता अनिवार्य हुने।<br>नेपाल प्रहरीको वैकल्पिक सूचिबाट पदपूर्ति गर्दा कुनै किसिमको परीक्षा आवश्यक नहुने।<br>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेनाबाट अवकाश लिई आएकाको हकमा योग्यताक्रम निर्धारण गर्नका लागि पदपूर्ति समितिले आवश्यकता अनुसार अन्तर्वाता मात्र लिने वा लिखित परीक्षाको साथमा अन्तर्वाता समेत लिने भन्ने निर्णय गर्न सक्ने। | दफा १४(१) नगर प्रहरी सहायक निरीक्षक तथा हवल्दारको खुल्ला रुपमा हुने पदपूर्तिका लागि लिखित परीक्षा, शारीरीक परिक्षण तथा अन्तर्वाता अनिवार्य हुने।<br>नेपाल प्रहरीको वैकल्पिक सूचिबाट पदपूर्ति गर्दा कुनै किसिमको परीक्षा आवश्यक नहुने।<br><br>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेनाबाट अवकाश लिई आएकाको हकमा कार्यपालिकाले निर्णय गरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेनाबाट अवकाश लिई आएका इच्छुक उम्मेद्वारहरु बीच मात्र प्रतिस्पर्धा गराइ पदपूर्ति गर्न सक्ने र त्यसरी पदपूर्ति गर्ने क्रममा योग्यताक्रम निर्धारण गर्नका लागि पदपूर्ति समितिले आवश्यकता अनुसार अन्तर्वाता मात्र लिने वा लिखित परीक्षाको साथमा अन्तर्वाता समेत लिने भन्ने निर्णय गर्न सक्ने।<br>असई र हवल्दारको पदपूर्तिको सम्बन्धमा खुल्ला वा नेपाल प्रहरीको वैकल्पिक सूचि वा अवकाश प्राप्त सुरक्षाकर्मी बाट हुने सम्बन्धमा कार्यपालिकाले निर्णय गरी कुनै एक वा सबै विधिबाट पदपूर्ति गर्न सक्ने छ। |

**प्रमाणिकरण मिति :- २०८१/०५/३०**

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**